मिति २०८० फागुन ८ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : प्रदेश समपूरक र विशेष अनुदान योजना छनौट सम्बन्धमा ।
प्रस्ताव नं. ३ : नेपाल नगरपालिका संघको उत्कृष्ट नगरपालिका छनौट सम्बन्धमा ।
प्रस्ताव नं. ४ : कोशेली घर संचालन कार्यविधि र बोलपत्र प्रक्रिया अगाडि सम्बन्धमा ।
प्रस्ताव नं. ५ : आर्थिक ऐन, २०८० संशोधनको लागि नगर सभामा सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६ : मेलम्ची नगरपालिका वडा नं. ११ मा निर्मित अस्थायी बसपार्क संचालन सम्बन्धमा ।
प्रस्ताव नं. ७ : कृषि अनुदानको प्रभावकारिता अध्ययन र अनुगमन सम्बन्धमा ।
प्रस्ताव नं. ८ : क्रमागत योजनाको रुपमा बजेट विनियोजनका लगि अनुरोध गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ९ : क्रमागत योजनाको रुपमा बजेट विनियोजनका लगि अनुरोध गर्ने सम्बन्धमा
प्रस्ताव नं. १० : योजना सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं. ११ : मेलम्ची बजार व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. १२ : नगरपालिकाबाट निर्माण गरिने खानेपानी धारा र प्रतिक्षालयको रङ (कलर कोड) सम्बन्धमा ।
प्रस्ताव नं. १३ : मेलम्ची नगर अस्पतालको अवस्था अनुगमन सम्बन्धमा ।
प्रस्ताव नं. १४ : योजना संशोधन सम्बन्धमा ।
प्रस्ताव नं. १५ : योजना स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८०/१०/२६ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तुरुन्त कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा कार्यान्वयन गर्ने गरी प्रदेश सरकारको समपुरक तथा विशेष अनुदानका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा देहायको प्राथमिकिकरण बमोजिमका योजनाहरु छनौट गरी उक्त योजनाहरुको लागि तपसिल बमोजिमको श्रोत सूनिश्चितता गरी सिफारिस गर्ने निर्णय गरियो ।

### तपसिल

(क) प्रदेश सरकार समपूरक अनुदानका लागि सिफारिस गरिएका योजनाहरु :

| क्र.सं. | योजनाको विवरण | आयोजनाको कूल लागत रु. | अवधि | हाल माग गरिएको रकम रु. | प्रदेश सरकारबाट बेहोर्ने रकम रु. | नगरपालिकाले बेहोर्ने गरी श्रोत सूनिश्चतता गरिएको रकम रु |
|---|---|---|---|---|---|---|
| १ | गैरीगाउँ सुनखानी लागर्चे सडक, मेनपा ९ | ३ करोड | १ वर्ष | ३ करोड | १.५ करोड | १.५ करोड |
| २ | बाहुनेपाटी थाक्ले सडक, मेनपा १२ | ३ करोड | १ वर्ष | ३ करोड | १.५ करोड | १.५ करोड |
| ३ | सिन्धुखोला गिराञ्चौर महभिर सडक, मेनपा १२ र १ | ३ करोड | १ वर्ष | ३ करोड | १.५ करोड | १.५ करोड |
| ४ | थानकुने थानाभञ्ज्याङ्गढी सडक, मेनपा ४ | ३ करोड | १ वर्ष | ३ करोड | १.५ करोड | १.५ करोड |
| ५ | बनगाउँ शिखरपुर ज्यामिरे नगर चक्रपथ सडक, मेनपा १० | ३ करोड | १ वर्ष | ३ करोड | १.५ करोड | १.५ करोड |
| ६ | फट्टे धार्ना दुवाचौर ककनी सडक, मेनपा ७ | ३ करोड | १ वर्ष | ३ करोड | १.५ करोड | १.५ करोड |

(ख) प्रदेश सरकार विशेष अनुदानका लागि सिफारिस गरिएका योजनाहरु :

| क्र.सं. | योजनाको विवरण | अवधि | कूल लागत रु. |
|---|---|---|---|
| १ | मेलम्ची नगरपालिका एकिकृत खानेपानी योजना, मेलम्ची | २ वर्ष | १ करोड |
| २ | ठूलो थकनी मा.वि. भवन निर्माण, मेनपा ४ | १ वर्ष | १ करोड |
| ३ | जलवाई देवी विद्यालय भवन निर्माण, मेनपा ८ | १ वर्ष | १ करोड |

नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

| | | | |
|---|---|---|---|
| ४ | शहरी स्वास्थ्य केन्द्र सुनखानी, मेनपा ९ | १ वर्ष | १ करोड |
| ५ | स्वास्थ्य चौकी भवन निर्माण, मेनपा ३ | १ वर्ष | १ करोड |

निर्णय नं. ३ : नेपाल नगरपालिका संघको उत्कृष्ट नगरपालिका छनौटका लागि प्राप्त भएको सूचाङ्क र यस नगरपालिकाले प्राप्त गर्ने नतिजाका सम्बन्धमा आजको यस वैठकमा छलफल गरियो । साथै, नेपाल नगरपालिका संघबाट प्राप्त भएका सूचकहरु मध्ये मेलम्ची नगरपालिकाले पूरा गर्न बाँकी रहेका सूचकहरु पूरा गर्नका लागि सम्बन्धित शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिकाको कोशेली घर संचालन कार्यविधि, २०८० संशोधन सहित स्वीकृत गर्ने र कार्यविधि बमोजिम कोशेली घर संचालनका लागि बोलपत्र प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ११ को उपदफा (१) मा उल्लिखित सवारी साधन पार्किङ्ग शुल्कको दर संशोधनको लागि स्थानीय राजस्व परामर्श समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम देहाय अनुसार संशोधनको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

अनुसूची - ११

दफा ११ को उपदफा (१) संग सम्बन्धित

सावरी साधन पार्किङ्ग शुल्कको दर

| क्र.सं. | विवरण | हाल कायम भएको दर रु. | | संशोधनको लागि सिफारिस गरिएको दर रु. | | |
|---|---|---|---|---|---|---|
| | | प्रति पटक | प्रति दिन | प्रति घण्टा | प्रति दिन | मासिक |
| १ | स्कुटर/मोटरसाइकल | १० | ५० | ५ | २० | ६०० |
| २ | हलुका सवारी साधन | २० | १५० | १० | १०० | ३००० |
| ३ | ट्रयाक्टर | २० | १५० | १० | १०० | ३००० |
| ४ | हेभी सवारी साधन बस, ट्रक | ३० | २५० | २० | १०० | ३००० |

(नोट: मासिक रुपमा सवारी साधन पार्किङ्ग गरेमा मासिक दरमा २५% छुट प्रदान गरिनेछ । )

निर्णय नं. ६ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजारमा दैनिक रुपमा यातायातका साधनहरुको चाप बढ्दै गएको र अव्यवस्थित रुपमा गरिएको सवारी साधनहरुको पार्किङ्गले मेलम्ची बजार क्षेत्र सौन्दर्यविहिन हुँदै गएको हुँदा मेलम्ची बजारलाई सुन्दर र सफा बनाउनको लागि मेलम्ची नगरपालिकाले मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची पुरानो बजारमा निर्माण गरिएको अस्थायी बसपार्क संचालनमा ल्याई मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा उल्लिखित संशोधित दररेटमा बसपार्क संचालनको लागि ठेक्का लगाउन स्थानीय राजस्व परामर्श समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम देहाय बमोजिमको अंङ्कमा बोल कोबल बढाबढको माध्यमबाट बोलपत्र प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिका तथा वडा कार्यालयबाट नगरपालिका भित्रका विभिन्न कृषकहरुलाई कृषि तथा पशु विकासका क्षेत्रमा मिति २०७५ साल देखि वितरण गरेको अनुदानको प्रभावकारिता र उपयोगिताको अध्ययन गरी सुझाव सहित १५ (पन्ध्र) दिन भित्र प्रतिवेदन पेश गर्नका लागि सम्बन्धित वडा समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : मेलम्ची नगरपालिका वडा नं. ७ स्थित दुवाचौर बृहत खानेपानी योजनालाई संघीय सरकारबाट क्रमागत योजनाको रुपमा बजेट विनियोजन भई कार्य भइरहेकोमा हाल उक्त योजनामा संघीय सरकारबाट बजेट विनियोजन नगरिएको हुँदा उक्त योजनालाई क्रमागत योजनाको रुपमा समावेश गरी बजेट विनियोजन गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय मार्फत संघीय खानेपानी मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका वडा नं. ८ स्थित दाउचेत केउरानी बाँसखर्क बरुवा सडक मेलम्ची नगरपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिका जोड्ने महत्वपूर्ण सडक भएकोले प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आ.व. २०८०/०८१ मा रु. ४० लाख बजेट विनियोजन भई कार्य भैरहेकोमा उक्त बजेटबाट सम्पूर्ण सडक स्तरोन्नतीको कार्य गर्न कठिनाई हुने भएको हुँदा उक्त सडक स्तरोन्तीका लागि क्रमागत रुपमा आगामी आ.व. मा समेत बजेट व्यवस्थाको लागि बागमती प्रदेश सरकार / आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : मेलम्ची नगरपालिका वडा नं. ७ स्थित मेलम्ची फट्टे दुवाचौर बाँसखर्क बरुवा सडक कालोपत्रे निर्माणको लागि राष्ट्रिय योजना आयोग र सोही वडाको फट्टे धार्ना दुवाचौर ककनी शेर्माथान मोटर बाटो स्तरोन्तीको लागि बागमती प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : हेलम्बु राजमार्ग खण्ड अन्तर्गत पर्ने मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार क्षेत्रमा मापदण्ड बिपरित सडक किनारबाट निर्माण गरिएका अस्थायी भर्याङ्ग, अस्थायी छाना लगायतका संरचनाहरु हटाउनको लागि यस कार्यालयबाट मिति २०८०/१०/०२ गते ३५ दिने सूचना प्रकाशन गरिएको र उक्त अवधिभित्र सडक क्षेत्रका अधिकांश घरधनीहरुले निर्माण गरेका मापदण्ड विपरितका अस्थायी संरचना

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

स्वतस्फुर्त रुपमा हटाइसक्नु भएको र केही घरधनीहरुले अझै पनि मापदण्ड विपरितका संरचनाहरु नहटाउनु भएकोमा यस नगरपालिकाको आसन्न नगर सभाको तयारी र कार्यव्यस्तताको कारण बाँकी रहेका सम्पूर्ण मापदण्ड विपरितका अस्थाई संरचनाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४१ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम नगरपालिका आफैंले मिति २०८०/११/१२ गतेका दिन देखि हटाउने र उक्त संरचना हटाउँदा लागेको सम्पूर्ण खर्च सोही ऐनमा भएको व्यवस्था बमोजिम सम्बन्धित घरधनीबाट सरकारी बाँकी सरह असूल उपर गर्ने निर्णय गरियो । साथै, मेलम्ची नगरपालिका भित्रका सबै वडाका बजार क्षेत्रमा मापदण्ड विपरित निर्माण गरिएका अस्थाई संरचनाहरु हटाउँन ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : मेलम्ची नगरपालिकाबाट निर्माण गरिने खानेपानी धारा तथा प्रतिक्षालयको पहिचानका लागि धारा कोटमा नीलो रङ र प्रतिक्षालयमा रातो वा नीलो जस्ता प्रयोग गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका अन्तर्गत रहेको मेलम्ची नगर अस्पताल (मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र) को आम्दानी र खर्चको पारदर्शिताको समग्र स्थित अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. लेखा समिति संयोजक श्री कृष्ण मुरारी चौलागाई – संयोजक
२. लेखापाल श्री सुरेन्द्रराज खतिवडा – सदस्य
३. जिन्सी शाखा प्रमुख श्री जयराम घोरासैनी – सदस्य
४. स्वास्थ्य शाखा प्रमुख अस्मिता भण्डारी – सदस्य सचिव

निर्णय नं. १४ : मेलम्ची नगरपालिका अन्तर्गतको वडा कार्यालयमा विनियोजन भएको बजेट तथा योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नगर सभाबाट स्वीकृत भएको साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | सल्लेखोला फुस्रोमाटो सिंचाई, मेनपा ९ | १०,००,०००।– | सल्लेखोला मुहान खानेपानी योजना (साविक वडा नं. १ र ३), मेनपा ९ | १०,००,०००।– |

निर्णय नं. १५ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/८१ मा कार्यान्वयन गर्ने गरी अनुसूची – १ मा उल्लिखित योजना, बजेट तथा कार्यक्रम स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।